अनुसूची २

(दफा ४ तथा अनसूची १ को भाग २ सँग सम्बन्धित)

चुमनुब्री गाउँपालिका

**स्थानीय राजपत्र**

खण्ड : ९ संख्या : ७ मिति : २०८३/०३/०९

**भाग-२**

# चुमनुब्री गाउँपालिका सेराङ गुम्बा र श्रृङ्गी हिमाल संरक्षण कार्यविधि, २०८३

**चुमनुब्री गाउँपालिका**
**सिर्दिवास, गोरखा**
**गण्डकी प्रदेश**

# चुमनुब्री गाउँपालिका सेराङ गुम्बा र श्रृङ्गी हिमाल संरक्षण कार्यविधि, २०८३

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३।०३।०८ गते।

**प्रस्तावना**

गोरखा जिल्लाको चुमनुब्री गाउँपालिका, वडा नम्बर ५ स्थित लगभग ५०० सय वर्ष पुरानो ऐतिहाँसिक धरोहरको रुपमा रहेको बेयुल किमोलुङ सेराङ बौद्ध गुम्बा (सेराङ गुम्बा) को ऐतिहाँसिक, सांस्कृतिक, आध्यात्मिक, शैक्षिक, पुरातत्विक तथा वास्तुकला र धार्मिक महत्वलाई मध्यनजर गरी सेराङ गुम्बा क्षेत्रलाई बौद्ध दर्शनको पञ्चशिलमा आधारित एक अहिंसा/श्याग्या क्षेत्र एवं पवित्र भूमिको रुपमा सेराङ गुम्बाद्धारा सदीयौदेखि संरक्षण गर्दै आएको भूमिकालाई उच्च सम्मान र मान्यता प्रदान गर्न र

सेराङ गुम्बाको अखण्ड भाग र पवित्र शिरमा रहेको गाङरी टासी पाल्साङ (श्रृङ्गी हिमाल) को ऐतिहाँसिक, सांस्कृतिक र धार्मिक महत्व, हिमालको पवित्रता एवं प्राकृतिक सौन्दर्यता र वन्यजन्तु लगायतका जैविक विविधताको समेत सेराङ गुम्बा मार्फत निरन्तर संरक्षण गरी श्रृङ्गी हिमालको पवित्रता अक्षुण राख्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(७) बमोजिम यस चुमनुब्री गाउँ कार्यापालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद एक
## प्रारम्भि

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "सेराङ गुम्बा र श्रृङ्गी हिमाल संरक्षण कार्यविधि, २०८३" रहेको छ।

(१) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "बौद्ध धर्मगुरु" भन्नाले बौद्ध धर्मसँग सम्बन्धित बौद्ध धर्मगुरुहरु र लामा धर्म गुरुहरुलाई समेत जनाउँदछ।

(ख) "पञ्चशील" भन्नाले बौद्ध दर्शनमा आधारित पञ्चशीललाई जनाउँदछ।

(ग) "प्रथाजनित नियम" भन्नाले आदिवासी जनजाति र स्थानीय समुदायले आफ्नो रितिरिवाज, धर्म, सस्कृति र परम्परा अनुसार आफ्नो क्षेत्र, समुदाय र प्राणीको हितका लागि बनाएका नियमलाई जनाउँदछ।

(घ) "श्याग्या परम्परा" भन्नाले बौद्ध दर्शनको पञ्चशीलमा उल्लिखित अहिंसात्मक सिद्धान्तको आधारमा वन्यजन्तु लगायतका जीवजन्तु, पशुपन्छी र प्राणीहरुप्रति गरिने अहिंसात्मक व्यवहारलाई जनाउँदछ।

(ङ) "सेराङ गुम्बा" भन्नाले गोरखा जिल्लाको चुमनुब्री गाउँपालिका, वडा नम्बर ५ स्थित लगभग ५०० सय वर्ष पुरानो ऐतिहाँसिक धरोहरको रुपमा रहेको बेयुल किमोलुङ सेराङ बौद्ध गुम्बा (सेराङ गुम्बा) लाई जनाउँदछ।

(च) "श्रृङ्गी हिमाल" भन्नाले गोरखा जिल्लाको चुमनुब्री गाउँपालिका, वडा नम्बर ५ स्थित सेराङ गुम्बाको अखण्ड भाग र पवित्र शिरमा रही उत्तरमा चीनको सिमानासम्म रहेको पवित्र गाङरी टासी पाल्साङ (श्रृङ्गी हिमाल) लाई जनाउँदछ।

## परिच्छेद दुई
## सेराङ गुम्बा संरक्षण सम्बन्धी व्यवस्था

**३. सेराङ गुम्बा अहिंसा/श्याग्या क्षेत्र एवं पवित्र भूमिको रुपमा रहनेः** (१) सेराङ गुम्बा र सो गुम्बाले ऐतिहाँसिक कालदेखि चर्चेको वा भोगचलन गर्दै आएको भूमी तथा क्षेत्र सेराङ गुम्बा अन्तर्गत रहने छ र उक्त भूमि तथा क्षेत्र अहिंसा/श्याग्या क्षेत्र एवं पवित्र भूमिको रुपमा रहनेछ।

(२) सेराङ गुम्बाको सिमा क्षेत्र गुम्बाको बौद्ध धर्मगुरुहरुले ऐतिहाँसिक भोगचलनका आधारमा निर्धारण गरे बमोजिम हुनेछ ।

(३) सेराङ गुम्बा र सो गुम्बाले ऐतिहाँसिक कालदेखि भोगचलन गर्दै आएको भूमी तथा क्षेत्रको संरक्षणका लागि सामुदायिक आलेख बनाई लागु गर्ने सक्नेछ ।

(४) सेराङ गुम्बाको सिमा क्षेत्र तथा सिमानाका बारेमा कुनै निर्णय गर्नका लागि गुम्बाका बौद्ध धर्मगुरुले सहयोग माग गरेमा गाउँपालिकाले आवश्यक सहयोग गर्नेछ ।

**४. सेराङ गुम्बा क्षेत्रमा गुम्बाको धार्मिक तथा प्रथाजनित निमय लागु हुनेः** (१) सेराङ गुम्बा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी नियमहरु गुम्बा आफैले निर्धारण गरे बमोजिम हुनेछन्।

(२) सेराङ गुम्बा क्षेत्रमा गरिने क्रियाकलापहरुमा गुम्बाको धार्मिक तथा प्रथाजनित निमय लागु हुनेछ।

**५. मौखिक परम्पराः** सेराङ गुम्बाका बौद्ध धर्मगुरुहरु र सेराङ गुम्बा क्षेत्रका अन्य वासिन्दाहरुको ज्ञान, सीप. अभ्यास र परम्पराहरु एक पुस्ताबाट अर्को पुस्तामा पुस्तान्तरण गर्ने कार्य मौखिक परम्परामा पनि आधारित हुनेछ र मौखिक परम्परा बैध रुपमा मान्य हुनेछ ।

**६. बौद्ध शिक्षाः** (१) सेराङ गुम्बाले बौद्ध परम्परा र धार्मीक अभ्यासहरूमा आधारित बौद्ध शिक्षा कार्यक्रम वा बौद्ध शिक्षासम्बन्धी विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(२) सेराङ गुम्बाले बौद्ध दर्शनलाई सुदृढ गर्न गराउनका लागि सम्बोटा लिपिमा शिक्षा दिने गरी बौद्ध विद्यालय सञ्चालन गर्न चाहेमा गाउँपालिकाले अनुमति प्रदान गर्न सक्नेछ ।

(३) सेराङ गुम्बाले बौद्ध धर्मग्रन्थका साथै पूजापाठ, मन्त्र, दर्शन, इतिहास र बौद्ध चिकित्सा सम्बन्धी ग्रन्थहरू प्रकाशन गर्न सक्नेछ र यसका लागि गाउँपालिका र अन्य पक्षहरुसँग सहयोग लिन सक्छ।

**७. वास्तुकलाः** (१) सेराङ गुम्बा र सो गुम्बाले चर्चेको क्षेत्रमा निर्माण तथा मर्मत सम्भारका कार्य गर्दा प्रयोग हुने वास्तुकला परम्परागत बौद्ध वास्तुशैलीमा आधारित हुनु पर्नेछ ।

(२) सेराङ गुम्बाको भित्तामा रहने रङ्गीन थाङ्का चित्र, मूर्तिहरू, तस्विरहरु र धार्मिक चिह्नहरूका साथै गुम्बाको मुख्य भवन वा अन्य भागमा रहने प्रार्थना कक्ष, मूर्ति र धार्मिक ग्रन्थहरू परम्परागत बौद्ध वास्तुशैलीमा आधारित हुनेछन् ।

**८. धार्मिक अनुष्ठानः** सेराङ गुम्बा बुद्ध दर्शनमा आधारित एक श्रद्धाको केन्द्रको रुपमा रहनेछ र गुम्बामा गरिने नियमित पूजा, ध्यान र धार्मिक अनुष्ठानहरु बौद्ध धर्मदर्शनमा आधारित हुनेछन्।

९. **चाडपर्व**ः सेराङ गुम्बा र गुम्बाले चर्चेको क्षेत्रमा प्रचालनमा रहेका चाडपर्वहरु बौद्ध परम्परागत चाडपर्वमा आधारित हुनेछन् ।

१०.**सांस्कृतिक पर्यापर्यटन:** सेराङ गुम्बा क्षेत्रमा सांस्कृतिक विविधता र प्राकृतिक विविधता एवं सुन्दरतामा आधारित सांस्कृतिक पर्यापर्यटनका कार्यहरु गर्दा सेराङ गुम्बाले बनाएका नियमहरुको पालना गर्नु पर्नेछ ।

११.**मेला तथा उत्सव:** विभिन्न बौद्ध पर्वहरू जस्तै लोसार, बुद्ध पुर्णिमा आदि अवसरमा आयोजना गरिने विशेष पूजा र समारोहहरू आयोजना गर्दा श्रद्धालुहरूले गुम्बाले बनाएका नियमहरुको पालना गर्नु पर्नेछ ।

१२.**पदमार्ग**ः पदयात्रीले सेराङ गुम्बा र सेराङ गुम्बाले अनुमति प्रदान गरेको क्षेत्रसम्म पदयात्रा गर्नका लागि गुम्बाले तोकेको पदमार्ग मात्र प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद तीन
## श्रृङ्गी हिमाल संरक्षण सम्बन्धी व्यवस्था

१३.**श्रृङ्गी हिमाल पवित्र हिमालको रुपमा रहने**ः (१) श्रृङ्गी हिमाल सेराङ गुम्बाको शिरमा पवित्र र प्राकृतिक रूपमा निकै शान्त रुपमा रहेको हिमाल भएकोले श्रृङ्गी हिमाल एक पवित्र हिमालको रुपमा रहनेछ ।

(२) श्रृङ्गी हिमाललाई स्थानीय वासिन्दाहरुले पवित्र हिमालको रुपमा पुजा र सम्मान गर्दै आएको धार्मिक र सांस्कृतिक महत्व महत्व सहितको पुरानो र पवित्र हिमालको रुपमा रहेकोले यस हिमालमा चढन र पर्वतारोहण गर्न पाइने छैन ।

(३) श्रृङ्गी हिमाललाई बौद्ध परम्परामा आधारित भई प्राकृति पुजा गरिनेछ ।

१४.**पर्वतारोहण निशेषित क्षेत्र**ः (१) सेराङ गुम्बाका बौद्ध धर्मगुरुले गाउँपालिका र आदिवासी जनजाति एवं स्थानीय समुदायका स्थानीय वासिन्दाहरुसँग समेत समन्वय र परामर्श गरी श्रृङ्गी हिमाल आरोहरण गर्न निषेध गरिएको क्षेत्रको सीमाना निर्धारण गर्नेछन् ।

(२) यसरी श्रृङ्गी हिमाल आरोहरण गर्न निषेध गरिएको क्षेत्रको सीमाना निर्धारण भएपश्चात् सोसम्बन्धी सूचना नेपाली भाषा र सम्बोटा भाषामा तयार गरी गुम्बाको वेबसाईट र चुमनुब्री गाउँपालिकाको वेबसाइटमा प्रकाशन गरिने छ र सो जानकारी नेपाल सरकारको पर्यटन विभाग र सम्बन्धित मन्त्रालयमा दिनु पर्नेछ।

(३) सेराङ गुम्बा भ्रमण गर्न आउने पदयात्रुहरुको जानकारीका लागि पदयात्रुहरुले पालना गर्नुपर्ने नियम सहित पत्रयात्रा र पर्वतारोहण गर्न प्रतिवन्ध लगाईएको क्षेत्रबारेमा जानकारी प्रदान गर्नेगरी गुम्बाले गाउँपालिकासँग समेत समन्वय गरी पदमार्गका विभिन्न स्थानहरुमा सूचनापाटीहरु राख्नु पर्नेछ।

१५.**श्याग्या परम्परा लागु हुने**ः श्रृङ्गी हिमाल र सो को समग्र भू-दृष्यमा रहेका वन्यजन्तु लगायतका जैविक विविधता संरक्षणका लागि चुमनुब्री गाउँपालिको शाभ्या परम्परा सरक्षण ऐन, २०७९ मा गरिएको श्याग्या परम्परा सम्बन्धी व्यवस्था लागु हुनेछ ।

**परिच्छेद चार**
**विविध**

**१६. सहमति लिनु पर्ने**: सेराङ गुम्बाले ऐतिहाँसिक रुपमा भोगचलन गर्दै आएको क्षेत्रको भूमिमा गुम्बा बाहेकका अन्य पक्षहरुले कुनै पनि प्रयोजनका लागि उक्त भूमि प्रयोग गर्नु पर्ने भएमा गुम्बाका बौद्ध धर्मगुरुहरुसँग समन्वय र परामर्श गरी बौद्ध धर्मगुरुहरुको सामुहिक भेलाबाट गुम्बाले निर्धारण गरेको निर्णय प्रक्रिया अवलम्बन गरी गुम्बाको सहमति लिनु पर्नेछ।

**१७. निर्णय प्रक्रिया**: सेराङ गुम्बाको संरक्षण र व्यवस्थापन सम्बन्धी निर्णय प्रक्रियाहरु पञ्चशीलका सिद्धान्तको आधारमा प्रथाजनित नियममा आधारित हुनेछन्।

**१८.सेराङ्ग गुम्बा क्षेत्रका जडीबुटीको सदुपयोग**: सेराङ्ग गुम्बाले भोगचलन गर्दै आएको क्षेत्रमा जडीबुटी उपलब्ध भएमा त्यस्ता जडीबुटी संकलन र सदुपयोग गरी स्वास्थ्य उपचारमा प्रयोग गर्नका लागि गुम्बा आफैले संकलन गर्नुका साथै आम्चीहरुलाई संकलन अनुमति दिन सक्नेछ।

**१९.अनुदान सहयोग लिन सक्ने**: सेराङ्ग गुम्बाले गुम्बाको हितका लागि प्रचलित नेपाल कानून बमोजिम सरकारी निकायबाट सहयोग लिन सक्नेछ।

**२०.सेराङ्ग गुम्बाको अनुगमन**: सेराङ गुम्बाले शिक्षा, स्वास्थ्य लगायत सामाजिक सेवाका क्षेत्रमा गर्दै आएको कार्यहरुका बारेमा गाउँपालिकाले समय समयमा गुम्बाका बौद्ध धर्मगुरुहरुलाई समेत सहभागी गराई अनुगमन गर्न सक्नेछ। तर अनुगमनका क्रममा गुम्बाको प्रथाजनित अभ्यासमा कुनै प्रभाव पार्न पाइने छैन।

**२१.बचाउ तथा संशोधन:** चुमनुब्री गाउँपालिकाले यस अघि सेराङ गुम्बा तथा श्रृङ्गी हिमाल संरक्षण सम्बन्धी गरेका कार्य यसै कार्यविधि बमोजिम भएको मानिनेछ। कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिको संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

आज्ञाले
मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत